


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily




❑ वर्ष २२ ❑ अङ्क २६३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असोज १८ गते सोमबार ❑ 4 Oct. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## समृद्धि र रुपान्तरणको संकल्पसहित सकियो एमाले विधान महाधिवेशन

**रासस**
**काठमाडौं, १७ असोज**

जनादेशका माध्यमबाट पुनःराज्यको नेतृत्वमा पुनरागमन गर्दै समृद्धि र रुपान्तरणको अभियानलाई निरन्तरता दिने सङ्कल्पसहित नेकपा (एमाले) को प्रथम विधान महाधिवेशन आइतबार सम्पन्न भएको छ।

कम्युनिष्ट आन्दोलनमा ऐतिहासिक मानिएको यो महाधिवेशनले राजनीतिक प्रतिवेदन, साङ्गठनिक र विधान संशोधन प्रस्ताव तथा समसामयिक प्रस्ताव पारित गरेको छ । यही असोज १५ गतेदेखि ललितपुरको गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा भएको महाधिवेशनले पार्टीलाई आशन्न निर्वाचनको तयारीका लागि गतिशील र सुदृढ बनाउने सङ्कल्प गरेको छ।

महाधिवेशनको हलमा अध्यक्ष मण्डलका तर्फबाट सदस्य रघुजी पन्तले प्रस्तुत गर्नुभएको विभिन्न समसामयिक प्रस्ताव सर्वसम्मतिले पारित भएको छ। पारित प्रस्तावमा अनेकौं प्रतिकूलताका बीचमा पनि करिब साढे तीन वर्ष सरकारको नेतृत्व गरेर राजनीतिक द्वन्द्वलाई अन्त्य गर्ने, संविधान र सङ्घीयता कार्यान्वयन गर्ने, राष्ट्रियतालाई सुदृढ र राष्ट्रिय स्वाभिमानलाई उँचो पार्ने, रणनीतिक महत्वका पूर्वाधारलगायत विकास निर्माणलाई तीव्रता दिने र सामाजिक न्यायलाई सुनिश्चित गर्नेजस्ता महत्वपूर्ण भूमिका निर्वाह गरेकोमा अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वको पूर्ववर्ती सरकारलाई धन्यवाद ज्ञापन गरेको छ। महाधिवेशनले पार्टीलाई विभाजन गरी छाड्ने मनशायका साथ ल्याइएको अध्यादेश, संविधानको अपव्याख्याले एमालेलाई विभाजन गराइएको घटनाप्रति विरोध व्यक्त गरेको छ । भ्रमबस विभाजनका पक्षमा लागेका पार्टी कार्यकर्तालाई पुनःपार्टीमा फर्केर पार्टीलाई सुदृढ गर्ने र एकताबद्ध एमालेका नेतृत्वमा 'समृद्ध नेपाल, सुखी नेपाली'को अभियानलाई सफल पार्ने अभियानमा योगदान दिन अपिल गरिएको छ।

महाधिवेशनले वर्तमान गठबन्धन सरकारले भूमिसम्बन्धी समस्या समाधान आयोग विघटन गरेर सुकुम्बासी भूमिहीन तथा अव्यवस्थित बसोबासी नागरिकका अधिकार अपेक्षा गरेको आरोप लगाउँदै संविधानले व्यवस्था गरेको आवासको हक, भूमिहीन दलितको जमिनको हकलगायत अधिकारको प्रत्याभूतिका लागि निरन्तर सङ्घर्षरत रहने सङ्कल्प गरेको छ । महाधिवेशनले गत साउन १५ गते महाकाली नदी पार गर्ने क्रममा भारतीय सुरक्षाकर्मीद्वारा तुइन चुँडाइएर दार्चुलाका जयसिंह धामी बेपत्ता पारिएको घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै दोषीमाथि अविलम्ब कारवाही सुनिश्चित गर्न र पीडित परिवारलाई न्याय एवं राहत प्रदान गर्न सरकारसँग माग गरेको छ । सरकारले स्रोत नखुलेको सम्पत्तिलाई वैधानिकता दिने गरी प्रतिस्थापन विधेयकमार्फत् आयकर ऐन, २०५८ मा संशोधन गरी ल्याएको प्रावधानभित्र विरोध जनाइएको छ । सरकारले राजनीतिक पूर्वाग्रहका आधारमा पूर्ववर्ती सरकारले ल्याएका धेरै विकास निर्माणका परियोजना, जनताको हितसँग जोडिएका निर्णय एवं नियुक्तिलाई उल्ट्याएको आरोप लगाएको छ। नेपालका लिपुलेक, लिम्पियाधुरा र कालापानीलगायत नेपाली भूभागमा रहेको बाह्य अतिक्रमणलाई समाप्त गरी ती भूभागमा नेपालको हकभोग कायम गर्न गम्भीर कूटनीतिक पहल र वार्ता गर्न यो महाधिवेशनले सरकारसँग माग गरेको छ।

पारित प्रस्तावमा अग्रपङ्क्तिमा रहेर कोभिडविरुद्धको लडाईंको नेतृत्व गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, एम्बुलेन्स चालक, सफाइकर्मी र शव व्यवस्थापनमा संलग्नको योगदानको उच्च प्रशंसा गर्दै यो महाधिवेशन अझै पनि महामारीको जोखिम कायमै रहेको कुरालाई ध्यानमा राख्दै स्वास्थ्य मापदण्ड पालनाका लागि सबैसँग आग्रह गरिएको छ।

महाधिवेशनको समापनसत्रमा पार्टीका अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक प्रतिवेदनमा उठेका जिज्ञासाको जवाफ दिँदै जनताको बहुदलीय जनवाद कठिन वर्गसङ्घर्षबाट प्रतिपादित सिद्धान्त रहेकाले नेपाली समाजलाई समाजवादोन्मुख दिशामा रहेको प्रसङ्ग उल्लेख गर्नुभएको छ। उहाँले नागरिकले सम्मानजनक जीवनयापन गर्न पाउने अधिकारसहितको अवस्था सिर्जना गर्नु नै समाजवादोन्मुख अवस्था भएको बताउनुभएको छ।

समाजवादमा पुग्न राष्ट्रिय पुँजीको विकास गर्न एमाले प्रतिबद्ध रहेको बताउँदै अध्यक्ष ओलीले सम्पूर्ण कार्यकर्तालाई उत्पादनमूलक कार्यमा जोडिन आह्वान गर्नुभयो। अध्यक्ष ओलीले हाम्रो पार्टी व्यक्तिपूजक होइन, यसले सामूहिकतामा विश्वास गर्छ र त्यहीअनुरूप पार्टी सञ्चालन गर्ने बताउँदै साङ्गठनिक अराजकतालाई अन्त्य गर्नेसमेत स्पष्ट पार्नुभयो।

उहाँले आफ्नो कुनै व्यक्तिगत स्वार्थ नरहेको र पार्टीलाई आगामी निर्वाचनमा स्पष्ट बहुमतमा पुऱ्याउने एकमात्र ध्येय रहेको बताउँदै अहिले पनि ५१ प्रतिशत जनता एमालेका पक्षमा रहेको दाबी गर्नुभयो । पार्टीमा योग्यता, क्षमता र योगदानका आधारमा जिम्मेवारी दिने विषयमा कुनै भेदभाव नहुने बताउँदै पार्टी अध्यक्ष ओलीले भ्रममा परेका र बाटो बिराएका नेता, कार्यकर्तालाई मूलघरमा फर्कन आह्वान गर्नुभयो । साङ्गठानिक प्रस्तावमाथि उठेका जिज्ञासा र सुझाव सम्बन्धमा जवाफ दिँदै पार्टीका महासचिव ईश्वर पोखरेलले समूहगत छलफलबाट वर्तमान चुनौतीको सामना गर्दै पार्टी कसरी अगाडि बढ्छ भन्नेलगायत विभिन्न महत्वपूर्ण टिप्पणी र सुझाव प्राप्त भएकाले तिनलाई ग्रहण गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

विधान महाधिवेशनमा प्रस्तुत भएका प्रतिवेदनमाथि छलफल र सुझावका लागि १० वटा समूह बनाइएको थियो । समूहगत टोली नेताले महाधिवेशनमा नेतृत्व चयन गर्दा आन्तरिक जनवादलाई अङ्गीकार गर्नुपर्ने

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखराका ९ ठाँउमा अत्यावसेक सेवा इन्टरनेटको तार काटियो

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ असोज**

पोखराका ९ ठाँउमा अत्यावसेक सेवा इन्टरनेटको तार काटिएको छ । नेपाल विद्युत प्राधिकरण पोखरा वितरण शाखाले पोखरा क्षेत्रमा अत्यावसेक सेवा इन्टर नेटको करिब ९ ठाँउमा तार काटेको हो।

केन्द्रको निर्देशन अनुसार आफुहरुले पोखरा क्षेत्रमा शांकेतिक रुपमा केही स्थानमा इन्टरनेटका तारहरु काटिएको नेपाल विद्युत प्राधिकरण पोखरा वितरण शाखाका प्रमुख ऋषिकुमार बरनवालले जनाए। प्राधिकरणले पोखराका ९ ठाँउमा सेवा प्रदायक केही कम्पनीहरुको इन्टरनेट सेवाको तार काटिदिएको उनले दाबी गरे । उनका अनुसार वर्ल्ड लिंक, भायानेट, पोखरा इन्टरनेट लगायतका इन्टरनेटका तार काटिएको प्रमुख बरनवालले जनाए । अधिकांश केवलमा ट्याक नहुदा कससन इन्टरनेट कम्पनीको तार हो भनेर पहिचान गर्न समेत कठिन भएको उनले जनाए । पोखरा महानगरपालिका वडा नम्बर ६ लेकसाइडको डिहिकोपाटन, लालुपाते मार्ग, पोखरा १५ को टुटुङ्गा, ढुंगेसाँघु , पोखरा १७ को पार्दी विरौटा, छोरेपाटन, महतगौडा, डेबिड फल्स लगायतको क्षेत्रमा संचालन भएको इन्टरनेट सेवा हाल सांकेतिक रुपमा मात्र काटिएको प्रमुख बरनवालले बताए। अस्पताल, स्कुल लगायतका अत्यावसेक कार्यालयमा संचालन भएको उक्त सेवालाई हाल कुनै तारहरु नकाटिएको उनले जनाए।

केन्द्रमा हाल वार्ता जारी रहेकोले केन्द्रको निर्देशन आएमा पुनः आफुहरुले बाध्य भएर अन्य ठाँउमा इन्टरनेट सेवाको तार काट्न बाध्य हुने प्रमुख बरनवालले चेतावनी दिए । उनका अनुसार इन्टरनेट प्रदायक अधिकांश कम्पनीहरुले महङ्गो शुल्क भएको भन्दै विगत २०७४ देखि अर्था ३ बर्ष देखि प्राधिकरणको पोलमा इन्टरनेट तार प्रयोग गरे वापतको शुल्कः तिरेका छैनन । प्राधिकरणले सेवाप्रदायिक संस्थासंग पोलमा तार प्रयोग गरे वापत प्रति बर्ष प्रति पोलको २ सय ५ रुपैया शुल्क निर्धारण गरेको थियो उद्यपी पछि मुल्य बृद्धि भएको बिषयमा व्यवसायीहरु सशंकित हुदै शुल्क तिर्न छाडेका थिए। करिब ३ सय प्रतिशत मुल्य बृद्धि गर्नु उचित निर्णय नभएको व्यवसायीको दाबी गरेको छ। एनटीसी, एनसेल र डिस होमले भने प्राविधिकरणलाई पोलको शुल्क तिर्ने घोषणा गरेकोले पोखरा क्षेत्रका उनीहरुको तार नकाटिएको उनले जनाए। पोखरा क्षेत्रमा करिब १३ वटा इन्टरनेट प्रदायक संस्थाहरु रहेका छन्।

आफुहरुले वार्ता र छलफलबाट केही शुल्कः घटायर प्राधिकरणलाई शुल्कः तिर्न तयार हुदा हुदै एकाएक अत्यावसेक सेवालाई अबरुद्ध हुने गरी इन्टरनेटको तार काट्नु आम उपभोक्तालाई यसले प्रत्यक्ष प्रभाव परेको व्यवसायीहरुले गुनासो गरेका छन्। वर्ल्ड लिंकका यूसुफ श्रेष्ठले प्राधिकरणले अस्वभाविक रुपमा पोलमा प्रयोग हुने तार वापतको शुल्कको मुल्य बृद्धि गरेर हाल एकाएक तार काटुन उचित निर्णय नभएको बताए । पुरानो मुल्यमा बाँकी रहेको बक्यौता रकम तिर्न आफुहरुले ताकेता गरेको उनले जनाए । अलिहेको अनलाइन प्रणालीबाट धेरैले शिक्षा हासिल सहित केहीको परिक्षा समेत संचालन भएको अबस्थामा तार काट्नु गलत निर्णय भएको श्रेष्ठले जनाए।

पोखरा इन्टरनेटका विजेस पालिखेले आफुहरुले घर जग्गा राखेर आम जनताको पहुचमा इन्टरनेट सेवा पुराउने उद्धेश्यले काम गरे पनि हाल प्राधिकरणले एकाएक इन्टरनेटको तार काटुन गलत निर्णय भएको बताए । प्राधिकरणको पोलमा तार प्रयोग गरे वापतको शुल्कः विस्तारै किस्तामा तिर्ने व्यबस्था मिलाउन माग गर्दै उनले आफुहरुले शुल्कः तिर्न तयार भएको अबस्थामा तार काटेर आम जनतालाई प्राधिकरणले सास्ती दिएको उनले जनाए । इन्टरनेटको तार काटी सर्वसाधारण उपभोक्तालाई इन्टरनेट प्रयोगबाट बञ्चित गर्नु उचित निर्णय नभएको पोखरेलीले बताए।

## कांग्रेस पहिला लोकतन्त्रवादी हुनुपर्छ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**तनहुँ, १७ असोज**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले अरुलाई लोकतन्त्र सिकाउने कांग्रेस पहिला आफैँ लोकतन्त्रवादी हुनुपर्नेमा जोड दिनुभएको छ।

नेपाली कांग्रेस व्यास नगर समितिले आइतबार आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै वरिष्ठ नेता पौडेलले कांग्रेस सफल हुन साँच्चिकै लोकतन्त्रवादी हुनुपर्ने बताउनुभयो।

पौडेलले भन्नुभयो, "सबैभन्दा लोकतन्त्रको वकालत गर्ने पार्टी कांग्रेस हो, तर के साँच्चै कांग्रेस आफैँमा लोकतन्त्रवादी छ त भन्ने प्रश्न चिह्न खडा भएको छ।" कांग्रेसको नेतृत्व गर्ने मान्छेले लोकतान्त्रिक व्यवहार प्रदर्शन गर्नुपर्नेमा जोड दिँदै उहाँले पार्टीभित्र लोकतन्त्रको आफूले सदैव वकालत गर्दै आएको दाबी गर्नुभयो।

पौडेलले कांग्रेस महाधिवेशनमा जित्ने र हार्ने दुवै मिलेर एकता र सद्भावको यात्रा अगाडि बढाउन सुझाव दिनुभयो। "जित्नेलाई बधाई र हार्नेलाई सहानुभूति मात्र होइन,

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कुवा र खोलाको पानी गाग्रीमा बोकेर खाने बाध्यतालाई अन्त्य गर्छौं: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ असोज**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले कुवा र खोलाको पानी गाग्रीमा वोकेर खाने बाध्यतालाई अन्त्य गर्ने बताउनु भएको छ।



पोखरा २५ हेमजा सुइखेत स्थित लौसीवोट खानेपानी टंकीको आइतबार शिलन्यास गर्दै मन्त्री बरालले आगामी डेढ बर्ष भित्र प्रदेशका जनतालाई खोला, कुवाको पानी गाग्रीबाट वोकेर खाने बाध्यतालाई अन्त्य गरी छाड्ने बताउनु भएको हो। प्रदेश सरकारले प्रदेशका जनतालाई ५ बर्ष भित्र आधारभूत खानेपानी पुराउने लक्ष्य राखेकोमा बाँकी डेढ बर्षमा प्रदेशमा आधारभूत खानेपानीको पहुच पुराउने मन्त्री बरालले बताउनु भयो । हेमजाको तीन वटा क्षेत्रमा हाल खानेपानी टंकी निर्माणको चरणमा रहेकोमा रकम अभावले कुनै पनि काम नरोकिने मन्त्री बरालको भनाई थियो। हेमजा क्षेत्रमा एक घर एक धारा अभियान संचालन गर्नको लागि आवश्यक बजेट विनियोजन गर्न आफुहरु कटिबद्ध भएको उहाँले बताउनु भयो। प्रदेशको कम बजेटमा त्यसमध्य पनि ५५ प्रतिशत मात्र विकास खर्चले जनताको अपेक्षा गरे अनुसारको काम गर्न नसकिएको मन्त्री बरालको भनाई थियो । जनताको आधारभूत आवश्यकताको आधारमा विकास निर्माणलाई जोड दिने यहाँको भनाई थियो । बलियो सरकारलाई ढाल्ने ओली प्रबृत्तिले गर्दा देशमा हाल अस्थिर राजनीतिक सृजना भएको मन्त्री बरालको भनाई थियो । झिंगा र मौरीको महत्व बुझ्नुपर्ने बताउदै मन्त्री बरालले जनताको पक्षमा जसले ओकालत गर्दै आएको छ त्यो विचारलाई चिन्न सक्नुपर्ने धारणा व्यक्त गर्नु भयो।

कार्यक्रममा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, स्याङजाका प्रमुख हरिप्रसाद तिमिल्सिनाले उक्त परियोजना सम्पन्न गर्नको लागि १ करोड ४७ लाख रुपैया खर्च हुने भएको बताउनु भयो । सो क्षेत्रमा करिब एक लाख लिटर क्षमताको पानी टंकी निर्माण सहित २ सय घर धुरीमा एक घर एक धारा पानी पुराउनु पर्ने उहाँले बताउनु भयो। पोखरा २५ का वडा अध्यक्ष शोभाकर तिमिल्सिनाले महानगरले आफ्नो वडालाई सौता व्यवहार गरेकोले आफुले अपेक्षा गरेअनुसारको हेमजामा विकास गर्न नसकेको गुनासो गर्नु भयो । हेमजाको तीन स्थानमा हुने खानेपानी परियोजनामा करिब ४ करोड ९८ लाखको परियोजना रहेको मन्त्री बरालले बताउनु भयो। समितिका अध्यक्ष दीपक थापाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा नेकपा एमाले पोखरा २५ वडा कमिटि सचिव देविप्रसाद अधिकारी, नेपाली कागेंस पोखरा २५ वडा कमिटि सभापति मधुसुधन त्रिपाठी, नेकपा माओबादी केन्द्र पोखरा २५ का अध्यक्ष माधवशरण पौडेल, जनमोर्चाका तम बहादुर रोका, कालिका आमा समुहका निवर्तमान अध्यक्ष आरती अधिकारी, स्थानिय राजेन्द्र अधिकारी, झलक बहादुर राना,नेत्रपाणि भण्डारी, समितिका सचिव माधव अधिकारी, कोषाध्यक्ष शालिकराम अधिकारी, सदस्य देविलाल दाहाल, लगायतले हेमजा सुइखेत क्षेत्रमा मन्त्री बरालको पहलमा खानेपानी योजना अघि बढेकोमा खुसि व्यक्त गर्दै विकासमा सवै एक हुनु पर्नेमा जोड दिएका थिए।



# अर्गानिक उत्पादनलाई एकीकृत गर्दै अन्नपात एग्रो

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ असोज**

स्थानीय किसानको उत्पादनलाई प्रवर्द्धन गर्ने र अर्गानिक स्वादलाई एकीकृत गर्दै बजारीकरण गर्ने उद्देश्यसहित पोखरामा अन्नपात एग्रो सञ्चालनमा आएको छ।

सामाजिक उद्यमका रूपमा स्थापित गरी स्थानीय किसानसँगको प्रत्यक्ष सहभागितामा उनीहरूको उत्पादनलाई सङ्कलन, प्रशोधन र बजारीकरण गर्ने उद्देश्यका साथ अन्नपात एग्रो प्रालि सञ्चालमा ल्याइएको कम्पनीका प्रबन्ध निर्देशक रामबहादर रानाले जानकारी दिनुभयो।

कम्पनीले सामाजिक उद्यमअन्तर्गत मुनाफा कमाउने उद्देश्य मात्र नराखी मानिस र स्थानीय समुदायलाई केन्द्रमा राख्दै भूपरिधिस्तरीय ब्राण्ड प्रयोग गरी आफ्नो खुद मुनाफाको तीनदेखि सात प्रतिशत जैविव विविधता संरक्षणमा पनि लगानी गर्ने जनाएको छ। "दिगो रूपमा गुणस्तरीय खाद्यान्न उपलब्ध गराउँदै उत्पादन क्षेत्रमा किसानलाई प्रोत्साहन तथा हौसला प्रदान गर्दै जैविक विविधताको दिगो व्यवस्थापन पनि हामी कटिवद्ध छौं", रानाले भन्नुभयो।

उहाँलेपर्यावरणमैत्रीखाद्यान्नलाई बजारमा स्थापित गर्दै दिगो स्थानीय क्षेत्रीय खाद्य केन्द्रको निर्माण गर्ने कम्पनीको लक्ष्य रहेको जानकारी दिनुभयो। कम्पनीका सुभपरभाइजर हरि पौडेलले अन्नपातले किसान तथा सहकारीलाई पर्यावरणीय कृषिका असल अभ्यासको प्रयोगमा सहयोग पुऱ्याउनाका साथै पोषणयुक्त स्वस्थ र पर्यावरणमैत्रीखाद्यउत्पादनप्रवर्द्धनका लागिसमेत उचित वातावरण बनाउन पहल गर्ने बताउनुभयो। उहाँका अनुसार यहाँको ब्राण्ड बनेको जलाधार क्षेत्रमा उत्पादित बास्नादार पोखरेली जेठाबुढो, औषधियगुण भएका रातो अनदी पोषणयुक्त कागुनो, प्राङ्गारिक मह तथा अन्य उत्पादन कफी मसलाजन्य उत्पादन अदुवा, बेसार, टिमुर, च्याउ, मह, दाल, तले, ताजा तरकारी, फलफूललगायत विभिन्न खाद्यसामग्री उपभोक्ता माझ ल्याइने छ। कम्पनीका वित्तीय सल्लाहकार शशीभूषण प्रधानले अनलाइबाट अर्डर गर्नसक्ने प्रविधिमैत्री व्यवस्था पनि मिलाइएको जानकारी दिनुभयो। उहाँका अनुसार देशका विभिन्न क्षेत्रमा स्थान अनुसार स्वाद र गुणस्तरका लागि प्रसिद्ध सामग्रीलाई एकीकृत रूपमा उपलब्ध गराइने छ।

कम्पनीको अध्यक्ष बेनीबहादुर बस्नेतका अनुसार कम्पनीमा विविध क्षेत्रका व्यक्ति विशेष गरी कृषि, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि उत्पादन, वित्तीय संस्था र उद्यमीलगायत ४७ शेयर सदस्यको संलग्नता रहेको छ। कम्पनीमा रु दुई करोड ७५ लाख लगानी रहेको छ। स्थानीय सरकार र प्रदेशसरकारसँग समन्वय गर्दै सामग्रीको बजारीकरणमा कम्पनीले कार्य गर्ने बस्नेतले बताउनुभयो।

# अभिनाषको दोहोरो ह्याट्रिकमा सविनको जित

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ असोज**



अभिनाष तामाङको दोहोरो ह्याट्रिसंगै घरेलुटोली सविन मेमोरियलले जित हात पारेको छ। राष्ट्रिय ए डिभिजन लिग फुटसल प्रतियोगितामा अन्तर्गत पोखरा रंगशाला बहुउदेश्यीय कभर्डहलमा आइतबार भएको खेलमा सविनले प्रभातफेरी युथ क्लबलाई ८-४ ले हराउँदै प्ले अफ पुग्ने सम्भावनालाई जिवितै राखेको छ।

जितसंगै सविनको ८ खेलबाट १३ अंक रहेको छ। समान खेलबाट प्रभातफेरीको भने ७ अंक रहेको छ। खेलको ५ औं मिनेटमा सविनका लागि अभिनाष तामाङले अग्रता दिलाए। उनले १२ औं मिनेटमा २ गोल गर्दै ह्याट्रिक पुरा गरे। प्रभातफेरीले पनि खेलको छैटौं मिनेटमा गोल गर्दै खेल बराबरीमा ल्याएको थियो। एक्लेस कार्कीले गोल गर्दै बराबरी गरेका थिए। ११ औं मिनेटमा डोना थापाले गोल गर्दै प्रभातफेरीलाई केहि सेकेन्डका लागि २-१ को अग्रता दिलाएका थिए। तर अभिनाषले १२ औं मिनेटमा त्यो अग्रता तोडिदिए। यस्तै खेलको १८ औं मिनेटमा कप्तान नविन लामाले गोल गर्दै पुनः खेलक ३-३ को बराबरीमा ल्याएका थिए। पहिलो हाफ ३-३ गोलको बराबरीमा रोकिएपनि दोस्रो हाफमा भने सविनले ५ गोल गरेको थियो। खलको २२ औं र २३ औं मिनेटमा अभिनाषले लगातार गोल गर्दै अग्रता बढाउने काम गरे। अभिनाषले ३० औं मिनेटमा गोल गर्दै दोस्रो ह्याट्रिक गरे। ह्याट्रिक संगै अभिनाष लिगकै सर्वाधिक गोलकर्ताको सुचिमा यथावत रहे। उनले हालसम्म १८ गोल गरेका छन्। उनी लिगको एकै खेलमा दोहोरो ह्याट्रिक गर्ने पहिलो खेलाडी समेत बने। उनी खेलको म्यान अफ दि म्याच समेत हुन्। खेलको ३१ औं मिनेटमा सविनका मनोज गुरुङले गोल गर्दै सविनलाई जित नजिक पुऱ्याए। ३९ औं मिनेटमा प्रभातफेरीका डोना थापाले व्यक्तिगत दोस्रो गोल गरे। लगत्तै ४० औं मिनेटमा सविनका मनोजले व्यक्तिगत दोस्रो गोल गरे।

आइतबार नै भएको अन्य खेलमा ढुकु फुटसल हवले मछिन्द्र स्काइ गोल्सलाई ७-५ गोल अन्तरले पाखा लगायो। ढुकुको जितमा विक्रान्त नरसिंह रानाले ४, उरकेन शेर्पा र प्रसिद्ध मगरले एक/एक गोल गरे। उता मछिन्द्रकालागि अमित तामाङले २ तथा मनोज राई, आशिष सुनम र कप्तान संजोग चाम्लिङले गोल गरे। अन्तिम खेलमा शंखमुल फुटसलले भरना फुटसललाई ७-० को फराकिलो गोल अन्तरले पाखा लगायो।

# क्रिकेटमा सरकारको लगानी कम छ, तर सन्तुष्ट छौँ : ज्ञानेन्द्र मल्ल

**पोखरापत्र संवाददाता**
**दमौली, १७ असोज**

नेपाली राष्ट्रिय क्रिकेट टिमका कप्तान ज्ञानेन्द्र मल्लले क्रिकेटमा सरकारको कम लगानी भए पनि सन्तुष्ट गर्ने ठाउँ रहेको बताउनुभएको छ।

तनहुँको व्यास नगरपालिकाले युवा परिषद् सदस्यका लागि आयोजना गरेको अभिमुखीकरण कार्यक्रममा कप्तान मल्लले जे छ त्यसैमा चित्त बुझाउनुपर्नेमा जोड दिनुभयो। "यो भएन त्यो भएन भनेर गुनासो गर्ने होइन, जे छ त्यसैमा चित्त बुझाउँदै अगाडि बढ्नुपर्छ, समग्र खेल क्षेत्रमा लगानी कम छ", उहाँले भन्नुभयो, "तर सरकारको लगानीप्रति सन्तुष्ट छु।" खेल क्षेत्रको विकासका लागि सरकारले पूर्वाधार निर्माणमा ध्यान दिएको बताउँदै मल्लले क्रिकेट रङ्गशाला बनाउनेभन्दा पनि त्यसको मापदण्डमा पनि ध्यान दिनुपर्ने बताउनुभयो।

क्रिकेटकै कारण आज आफू यो स्थानमा रहेको बताउँदै मल्लले भन्नुभयो, "मलाई अहिलेसम्म जति पनि उपलब्धि हासिल भयो, सबै क्रिकेटबाटै भयो। धैर्यता, मिहिनेत र लगनशीलता भए सफलता हासिल गर्न सकिन्छ।" मल्लले हरेक युवाले आआफ्नो रुची अनुसारको काम र पेशा अवलम्बन गर्नुपर्ने बताउँदै क्रिकेट रोजेकामा आफू सन्तुष्ट रहेको बताउनुभयो। सो क्रममा कप्तान मल्लले क्रिकेटका लागि आफूले गरेको सङ्घर्षका बारेमा युवामाझ अनुभव राख्नुभएको थियो।

व्यास नगरपालिकाअन्तर्गत १८ देखि २८ वर्ष उमेर समूहका युवालाई समेटेर गठन गरिएको परिषद्का सदस्यलाई शनिबार र आइतबार अभिमुखीकरण प्रदान गरिएको हो। नगरप्रमुख वैकुण्ठ न्यौपानेले समाज विकासको अभियानमा युवालाई जोड्न चाहेको बताउनुभयो। युवासँग प्रतिभा रहेकाले युवाको प्रतिभा पहिचान गरी सामाजिकीकरणको अभियानमा नगरपालिका रहेको न्यौपानेले बताउनुभयो। नगरपालिकाका प्रवक्ता एवं वडा नम्बर ५ का अध्यक्ष मोहनकुमार श्रेष्ठले युवा परिवर्तनका संवाहक भएकाले युवाले आफ्नो क्षमता पहिचान गर्न सक्नुपर्नेमा जोड दिनुभयो। युवा अभियान्ता अपार पौडेलले युवा सधैँ सकारात्मक हुनुपर्ने बताउँदै रचनात्मक काममा युवाको सहभागिता अपरिहार्य रहेको बताउनुभयो। युवा नेतृ एलिजा ढकालले अबको नेतृत्व गर्ने भनेको युवाले नै भएकाले युवाले चाहे परिवर्तन सम्भव रहेको बताउनुभयो।

# कन्या क्याम्पसमा अर्न्तक्रिया कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ असोज**



कन्या क्याम्पस पोखरामा क्याम्पसका छात्रा तथा समाजसेवी, बैंकर एवं सफल उद्यमी हरि प्रसाद पाण्डेका बिच उद्यम सञ्चालनका बिषयमा अर्न्तक्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा एउटा असल छात्राले रोजगारमा संलग्न हुनुभन्दा उद्यम सञ्चालन गर्नु आजको आवश्यकता रहेको जानकारी गराउनुहुँदै सफल उद्यमी/व्यवसायी हुन विचार गर्नुपर्ने बिषयका बारेमा जानकारी गराएका थिए। स्वव्यवस्थापन, परिवार व्यवस्थापन र व्यवसायको व्यवस्थापन जीवनको अभिन्न अङ्ग रहेको बताउदै कडा परिश्रमले नै जीवन सफलहुने प्रकाश पारेका थिए। कार्यक्रमको सभाध्यक्ष तथा कन्या क्याम्पस पोखराका सञ्चालक समिति अध्यक्षयोगेन्द्र प्रधानले असफलतामा नै सफलता खोज्न सक्नुपर्ने बिचार व्यक्तगर्दै आफ्नो हरेक काममा सुख खोज्न सके सधै खुशी हुनसक्ने बताए। कन्या क्याम्पस पोखराका क्याम्पस प्रमुख सुरेस कुमार मानन्धरले किताबी ज्ञानले मात्र नभई व्यावहारीक ज्ञान पनि आवश्यक भएकाले यस्तो कार्यक्रमको आयोजनागरिएको बताए।

उक्त कार्यक्रमका अर्का श्रोत व्यक्ति पुष्पनिधी अमगाईले छात्राहरुलाई अध्ययनमा अनुसन्धानको महत्वका बारेमा जानकारी गराउदै व्यवसायिक जगतमा प्रबेश गर्न ध्यान दिनुपर्ने कुराहरु जानकारी गराएका थिए।

क्याम्पस सञ्चालक समिति सदस्य मदन शर्माले सहभागीहरुलाई स्वागतगर्दै प्रमुख वक्ताको जीवनीमाथि प्रकाश पारेका थिए। विश्व विद्यालय अनुदान आयोगको सहयोगमा आयोजित उक्त एकदिने कार्यक्रमलाई क्याम्पसमा सहायक क्याम्पस प्रमुखचित्रबहादुर श्रेष्ठले सञ्चालन गरेका थिए। स्नातक चौथो बर्ष र स्नातकोत्तर तहकागरी ५१ जना छात्राहरुको सहभागिता रहेको उक्त कार्यक्रममा सञ्चालक समिति सदस्य, प्राध्यापक तथा कर्मचारीहरु पनि उपस्थिति रहेका थिए। कार्यक्रमका प्रमुख अतिथी तथा श्रोत व्यक्ति पाण्डेले आफ्नो बुबा/आमा तथा सासु/ससुराको सम्झनामारु.६ लाख रकमको गरिब तथा जेहेन्दार छात्रबृत्तिकोष स्थापनागर्ने घोषणा गरेका थिए।

# ए डिभिजन' राष्ट्रिय फुटसल लिग : सविन, ढुकु र शङ्खमूलको जीत

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ असोज**

अभिनाश तामाङको दोहोरो ह्याट्रिकसँगै घरेलु टोली सविन मेमोरियलले पोखरामा जारी 'ए डिभिजन' राष्ट्रिय फुटसल लिगमा महत्वपूर्ण जीत दर्ता गरेको छ। पोखरा रङ्गशालास्थित बहुउद्देश्यीय कभर्डहलमा आइतबार भएको प्रतिस्पर्धामा सविन मेमेरियलले प्रभातफेरी युथ क्लबमाथि ८-४ गोल अन्तरको जीत निकालेको हो। जीतसँगै आठ खेलबाट १३ अङ्क जोडेको सविनको 'प्ले अफ'मा पुग्ने सम्भावनासमेत कायमै राखेको छ। समान खेलबाट प्रभातफेरीको भने सात अङ्क मात्र छ।

तामाङले पहिलो हाफको पाँचौं मिनेटमा गोल गर्दै अग्रता दिलाएकामा १२ औं मिनेटमा दुई गोल गर्दै पहिलो ह्याटिक गर्नुभयो। यसैगरी दोस्रो हाफको २२ औं र २३ औं तथा ३० औं मिनेटमा गोल गर्दै दोस्रो ह्याट्रिक पूरा गर्नुभएको थियो। लिगको एकै खेलमा दोहोरो ह्याट्रिक गर्ने पहिलो खेलाडी बन्नुभएका तामाङ लिगकै सर्वाधिक गोलकर्ता खेलाडीको सूचीमा रहनुभएको छ। उहाँले हालसम्म १८ गोल गर्नुभएको छ। सविनका मनोज गुरुङले दुई गोल गर्नुभएको थियो। प्रभातफेरीका डोना थापाले दुई तथा एक्लेस कार्की र नवीन लामाले एक/एक गोल गर्नुभयो। यसैगरी ढुकु फुटसल केन्द्र र मछिन्द्र स्काइ गोल्सका बीचको खेलमा ढुकु फुटसल विजयी भएको छ। ढुकुले मछिन्द्रलाई ७-५ गोल अन्तरले पराजित गर्न सफल भयो।

ढुकुको जीतमा विक्रान्त नरसिंह रानाले चार, उरकेन शेर्पा र प्रसिद्ध मगरले एक/एक गोल गर्नुभयो। मछिन्द्रका लागि अमित तामाङले दुई तथा मनोज राई, आशिष सुनम र कप्तान संजोग चाम्लिङले समान एक/एक गोल गर्नुभयो।

अन्तिम खेलमा शङ्खमूल फुटसलले भरना फुटसललाई ७-० को फराकिलो गोल अन्तरले पाखा लगायो। शङ्खमूलका जेनिस प्रजापतिले ह्याट्रिक गर्नुभयो। योगेश श्रेष्ठ, सविन खड्का, आरजु सिंह र क्रिजल खड्काले समान एक/एक गोल गर्नुभएको थियो। अखिल नेपाल फुटबल सङ्घ(एन्फा)ले देशमै पहिलोपटक फुटसल लिगको आयोजना गरेको हो। असोज २ गतेदेखि सञ्चालन भइरहेको लिग आगामी असोज २२ गतेसम्म जारी रहनेछ।

लिगको विजेताले रु १० लाख तथा उपविजेताले रु पाँच लाख नगद पुरस्कार प्राप्त गर्नेछन्। लिगको उत्कृष्ट खेलाडी, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट प्रशिक्षक र उदीयमान खेलाडीले जनही रु २५ हजारका दरले पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ।

## समृद्धि...

र १०औं महाधिवेशनलाई एकता महाधिवेशनका रुपमा सम्पन्न गर्नुपर्ने सुझाव दिएका थिए।

पार्टीमा ७० वर्षे उमेरहद लागू गर्दा एउटै पदमा एक व्यक्ति दुई कार्यकालभन्दा बढी बस्न नपाउने व्यवस्था गर्नुपर्ने सुझाव राख्दै पार्टीमा गुटबन्दी अन्त्य गर्नुपर्ने, जनताको बहुदलीय जनवाद (जबज)लाई मार्गदर्शक सिद्धान्त बनाउँदा समाजवादको आधार र साम्यवादसम्मको गन्तव्य तय गर्नुपर्नेमा जोड दिएका थिए।

कतिपय टोलीबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीको संवैधानिक व्यवस्था हुनुपर्ने सुझाव दिइएको थियो भने कतिपयले हालको निर्वाचन प्रणाली बढी खर्चिलो भएकाले यसमा सुधार गरी सर्वसाधारणलेसमेत निर्वाचनमा प्रतिस्पर्धा गर्नसक्ने बनाउने, राजकीय पदमा नियुक्त हुने व्यक्तिको सिफारिस पार्टीको संस्थागत निर्णयानुसार हुनुपर्ने सुझाव दिएका थिए। विधान महाधिवेशनमा अध्यक्ष ओलीले आगामी १० औं महाधिवेशन लुम्बिनी प्रदेशको बुटवलमा हुने जानकारी दिनुभयो। उक्त महाधिवेशन आगामी मङ्सिर दोस्रो साताका लागि तोकिएको छ।

## कांग्रेस...

जित र हारलाई सहज रुपमा लिएर सद्भाव, एकता र मेलमिलापको यात्रामा अगाडी बढ्नुपर्छ," वरिष्ठ नेता पौडेलले भन्नुभयो, "तबमात्र काङ्ग्रेस बलियो बन्छ।" सत्तरी वर्ष लडेर ल्याएको संविधानले महिला, दलित, जनजातिलाई अधिकार दिलाएको चर्चा गर्दै वरिष्ठ नेता पौडेलले सिंहदरबारका अधिकार गाउँ गाउँमा आएको बताउनुभयो। कांग्रेस केन्द्रीय सदस्य शङ्कर भण्डारी, गोविन्द भट्टराई, जिल्ला सभापति वैकुण्ठ न्यौपाने लगायतले सुदृढ कांग्रेस बनाउनुपर्नेमा जोड दिनुभयो।

नेपाली कांग्रेसको १४औं महाधिवेशनमा सभापतिका दावेदार पौडेल तीनदेखि गृह जिल्ला तनहुँमा हुनहुन्छ। महाधिवेशनअन्तर्गत तनहुँका १० वटै पालिकामा निर्वाचन सम्पन्न भएपछि वरिष्ठ नेता पौडेल शुक्रबारदेखि जिल्लाका विभिन्न ठाउँमा कार्यकर्ता भेटघाट गरिरहनुभएको छ। शुक्रबार गृह जिल्ला आउनुभएका पौडेल सोही दिन नेपाली कांग्रेस आँबुखैरेनी गाउँ कार्यसमितिको पदस्थापन कार्यक्रममा सहभागी हुनुभएको छ। शनिबार भानु नगर समितिको पदस्थापन कार्यक्रम र बन्दिपुरमा कार्यकर्ता भेटघाटमा सहभागी हुनुभएका पौडेल आज व्यास नगरपालिका, म्याग्दे गाउँपालिका र शुक्लागण्डकी नगरपालिकामा आयोजित कार्यक्रममा सहभागी हुनुभयो।


कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्धार सम्वन्धी रोग: छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# बसपार्क सञ्चालनमा ढिलाइ

– खेमराज गौतम
बागलुङ, १७ असोज

आधुनिक बसपार्क निर्माण गरेका स्थानमा केही वर्ष अघिसम्म लहलह धान झुल्थे । जिल्लामा व्यवस्थित बसपार्कको अभाव देखेका स्थानीयवासीले बागलुङ नगरपालिकालाई आफ्नो धान फल्ने खेतमा निःशुल्करूपमा बसपार्क निर्माण गर्न दिन तयार भए । फलस्वरुप बागलुङमा आधुनिक बसपार्क निर्माण गर्ने सपना १९ वर्षपछि पूरा त भयो। आधुनिक बसपार्क सञ्चालनमा भने अझै केही चुनौती बाँकी नै छन् । यसले बसपार्क सञ्चालन र व्यवस्थापनमा केही समय अझै घर्किने सङ्केत देखिएको छ । सो बसपार्क सुविधासम्पन्न र नमूना डिजाइनमा तयार पारिएको छ।

सो स्थानमा पुग्ने सडक तथा जग्गादाताका लागि घडेरी व्यवस्थापनले बसपार्क सञ्चालनमा भने केही कठिनाइ देखाएको छ । यसलाई राष्ट्रिय राजमार्गले नछुँदा, बसपार्क पुग्ने सडक साँघुरो हुँदा र सम्झौताअनुसारको घडेरी व्यवस्थापनमा ढिलाइ हुँदा सञ्चालमा ढिलाइ भइरहेको छ। मध्यपहाडी लोकमार्ग र बेनी-बागलुङ सडक नजिकै बसपार्क निर्माण भए पनि बस्तीको बीचमा साँघुरो सडक हुँदै जानुपर्ने भएकाले ठूला बस सञ्चालनमा कठिनाइ हुँदा वैकल्पिक मार्ग तयार गर्नुपर्ने नगरपालिकालाई चुनौती छ।

बसपार्क निर्माणका लागि बागलुङ बजारवासीले उपल्लाचौरका दाबगरामा व्यक्तिगत जग्गा नगरपालिकालाई हस्तान्तरण गरेको १९ वर्षपछि बसपार्क निर्माण गरे पनि अन्य जग्गामा बस्ती व्यवस्थापनका लागि उपर्युक्त घडेरी व्यवस्थापन गरी जनतालाई फिर्ता गर्ने कार्यमा ढिलाइ भएको जनाइएको छ।

लामो समय सरकारी उदासिनताका कारण अलपत्र परेको बसपार्क निर्माण जनप्रतिनिधिको आगमनसँगै विसं २०७५ मा नगरपालिकाको पहलमा गति लिएको थियो । गत असारमै सम्पन्न भएको बसपार्क कहिले सञ्चालनमा आउला भन्ने चिन्ता र चासो स्थानीयवासीमा छ। स्थानीयवासीले उपलब्ध गराएको ५९ रोपनी जग्गाबाट साढे १७ रोपनी जग्गामा बसपार्क र अन्य जग्गामा व्यवस्थित बसोबासका लागि १२७ वटा घडेरी निर्माण गरेर स्थानीयवासीलाई फिर्ता गर्नुपर्ने छ।

नगरपालिकाले घडेरी व्यवस्थापनाका लागि पटक-पटक बजेट विनियोजन गर्दै आएको र छिट्टै बसपार्क सञ्चालनमा ल्याउने नगरप्रमुख जनकराज पौडेलले बताउनुभयो । उहाँले व्यवस्थित घडेरी निर्माण गरी स्थानीय जग्गादातालाई हस्तान्तरण गरिने बताउनुभयो । “ठूलो चुनौतीका बाबजुद नगर विकास कोषबाट ऋण लिएर बसपार्क निर्माण गरेका हौँ, स्थानीयवासीले दिएको जग्गामा सम्झौताबमोजिम बसपार्क बनाएको र बाँकी रहेको जग्गालाई व्यवस्थित गरी दातालाई बुझाइनेछ, केही समय लाग्ला छिट्टै बसपार्क सञ्चालनमा आउनेछ”, उहाँले भन्नुभयो, “जग्गा व्यवस्थापनका लागि नगरपालिकाले हालसम्म रु एक करोड ३५ लाख बजेट विनियोजन गरिसकेको छ, बसपार्क चलाउँदै घडेरी बनाउँदै लैजाने योजना छ।” उहाँका अनुसार सुरुमा घडेरी निर्माण गर्न रु ४० लाख, पर्खाल लगाउन रु २० लाख दिइसकिएको छ, चालु आार्थिक वर्षमा रु ७५ लाख बजेट विनियोजन गरेको र यसपटक घडेरीले आकार लिने उहाँको भनाइ छ।

बसपार्क रु आठ करोड ७० लाखमा निर्माण गरिएको हो । बसपार्कबाहेकको जग्गा हस्तान्तरणमा केही ढिलाइ भए पनि नगरपालिकाले बजेट विनियोजन गरेर काम भने गरिरहेको जग्गादाता तथा बसपार्क जग्गा व्यवस्थापन समितिका अध्यक्ष सुवास राजभण्डारीले जानकारी दिनुभयो । “ढिलो भएको हो, तर काम नभएको भन्ने होइन, बसपार्क बनाइसकेकाले सञ्चालनमा ल्याउनु पर्दछ, घडेरी बनाउँदै लैजानु पर्दछ”, उहाँले भन्नुभयो, “होटल रेड एप्पल आसपासको बाटो र कटहरको बोटको बाटोलाई एकतर्फी बनाएर बसपार्क सञ्चालनमा ल्याउन आवश्य छ।”

लहलह धान फल्ने खेत नगरपालिकाको नाममा दिएको लामो समयसम्म बसपार्क निर्माण नहुँदा जग्गादाता निराश भए पनि अहिले बसपार्क बनेकामा खुसी भएको जग्गादाता गुणनिधि शर्माले बताउनुभयो । अब छिट्टै बाँकी रहेको जग्गा जग्गाधनीको नाममा आउनुपर्नेमा उहाँको जोड छ। व्यवस्थित आधुनिक बागलुङ बसपार्कमा ६० ठूला बस, १० माइक्रोबस एकैसाथ अटाउन सक्नेछन् । टर्मिनल भवनको भुइँतलामा कार तथा मोटरसाइकल पार्किङ गर्न मिल्नेछ।



बाघको मूर्तिसहितको उद्यान : तनहुँको म्याग्दे गाउँपालिका-१ स्थित बाराही सामुदायिक वनभित्र बाघको मूर्तिसहित निर्माण गरिएको बाघेटारी बेलडाँडा हरित उद्यान। डिभिजन वन कार्यालयको रु पाँच लाखको लगानीमा उद्यान निर्माण गरिएको हो। तस्वीर : कृष्ण न्यौपाने/ रासस

# १६० जातका वनस्पति पहिचान

पोखरापत्र संवाददाता
बलेवा, १७ असोज

बागलुङ कालिका भगवती मन्दिर परिसरमा अवस्थित जङ्गलमा १६० जातका वनस्पतिको पहिचान भएको छ।

मन्दिर परिसरका जङ्गलमा अध्ययन गरिरहेको वनस्पतिविद्को समूहले हालसम्म पहिचान भएका वनस्पतिको विषयमा जानकारी गराएको हो।

मन्दिर परिसरमा रहेका रूखको पहिचान र गणना थालिएकाले वनस्पति पहिचानमा सहज भएको हो । कालिका भगवती गुठी व्यवस्थापन समितिले करिब १९० रोपनी जग्गामा रहेको वनका रूखका वर्ग छुट्याउँदै गणना सुरु भएको जनाएको छ । परिसरका सयौँ वर्ष पुराना साल, सल्ला, चिलाउने, कटुसलगायत विभिन्न जातिका रूखको पहिचान गरी वैज्ञानिक नामसहित ट्याग लगाइँदैछ। मन्दिरमा करिब ४०० वर्ष पुराना रूख पाइएको गुठीका अध्यक्ष राजु खड्काले जानकारी दिनुभयो। बोट, बिरुवा अध्ययन गर्दा केही महत्वपूर्ण वनस्पति फेला परेको अध्ययन टोलीमा सहभागी प्रवीण भण्डारीले बताउनुभयो । उहाँ चीनमा वनविज्ञान विषयमा विद्यावारिधिअध्ययनगरिरहनुभएको छ । “जैविक विविधता र वनस्पतिको अभिलेखीकरणसँगै मन्दिर परिसरको जङ्गलमा रहेका ६० प्रजातिका रूखको वैज्ञानिक नामसहित ट्याग लगाइएको छ”, उहाँले भन्नुभयो, “हामी अध्ययनकै क्रममा छौँ, मन्दिरको जङ्गलमा महत्वपूर्ण वनस्पति भुइँसुनाखरी फेला परेको छ।” जङ्गलमा सर्पगन्धालगायत औषधीय गुण बोकेका वनस्पतिसमेत पाइएका छन्।

मन्दिरको अधिकांश भू-भाग जङ्गलले ढाकिएको छ । भक्तजनलाई पर्यटनमैत्री वातावरण बनाउने र जङ्गलमा पाइने वन्यजन्तुको संरक्षण गर्ने तयारी गरिएको समिति अध्यक्ष खड्काले बताउनुभयो । “मन्दिरको आकर्षणका रूपमा रहेको जङ्गललाई संरक्षण गर्न त्यहाँ रहेका वनस्पतिको पहिचान थालिएको हो”, उहाँले भन्नुभयो। व्यवस्थापन समितिले मन्दिरमा दैनिक पूजाअर्चनाको प्रबन्ध मिलाउनुका साथै यसलाई धार्मिक पर्यटनको केन्द्र बनाउने प्रयासमा काम अघि बढाइरहेको छ।

# कूटनीतिज्ञको हाइकिङले जगायो उत्साह

–वासुदेव पौडेल
पोखरा, १७ असोज (रासस)

विश्व पर्यटन दिवसका अवसरमा गण्डकी प्रदेश सरकारको निमन्त्रणामा पोखरा आएका विभिन्न ११ देशका राजदूतसहितका कूटनीतिज्ञ अघिल्लो सोमबार झन्डै चार घण्टा हाइकिङमा सहभागी बने।

कास्की नौडाँडास्थित हिमालय देउरालीबाट हिमाली दृश्य नियाँल्दै खड्गाउँ कोट, कास्कीकोट देउराली हुँदै कश्यप तालसम्मको सो हाइकिङमा विदेशी कूटनीतिज्ञ निकै रमाएका देखिन्थे । उत्तरतर्फको हिमाललाई साक्षी राख्दै तस्बिर खिचाउँदाका दृश्य लोभ लाग्दो थियो । झन्डै दुई वर्षयता कोरोना कहरका कारण थलिएको पोखराको पर्यटनमा विदेशी कूटनीतिज्ञको यो सहभागितालाई पर्यटन व्यवसायीसँगै यहाँका स्थानीयवासीले अत्यन्त महत्वका साथ लिएका छन्।

नेपालका शाह वंशीय राजाहरूको ऐतिहासिक थलो कास्कीकोट र यहाँबाट देखिने मनोरम हिमाली तथा पहाडी दृश्य विदेशी कूटनीतिज्ञलाई देखाउन पाउँदा आफूहरूलाई अत्यन्त हर्षित बनाएको स्थानीय युवा एवम् कास्कीकोट पर्यटन विकास समितिका संयोजक उदय सुवेदीले बताउनुभयो। ‘नेपालकै इतिहासको महत्वपूर्ण साक्षी कास्कीकोट पर्यटकीय रूपमा पनि उत्तिकै महत्व भएर पनि ओझेलमा परेको ठाउँ हो,’ उहाँले भन्नुभयो, ‘प्रकृति र संस्कृतिको अनुपम सङ्गम यस स्थलमा विदेशी कूटनीतिज्ञको औपचारिक भ्रमणले यसको महिमा र गरिमा अझै बढाएको छ।’

कूटनीतिहरू सहभागी बन्दै गर्दा ठाउँठाउँमा आफ्नै मौलिक पोसाकमा सजिएर आमा समूह स्वागतमा तल्लीन देखिन्थे। पर्यटकीय सम्भावना भएर पनि ओझेलमा परेको कास्कीकोट कूटनीतिज्ञको भ्रमणसँगै विश्वपर्यटन बजारमा पुग्ने विश्वास गरिएको पोखरा महानगरपालिका-२४ का वडाध्यक्ष ओम सुवेदीले बताउनुभयो। झन्डै छ हजार वर्षअघि कश्यप ऋषिले तपस्या गरेको तपोभूमि र नेपालका शाहवंशीय राजाको उद्‌गमस्थल कास्कीकोटको समग्र पर्यटकीय विकासलाई स्थानीय तहका तर्फबाट संरक्षण र विकासमा चासो दिइएको उहाँले बताउनुभयो । समुद्री सतहबाट एक हजार ७७८ मिटरको उचाइमा रहेको कास्कीकोटमा पहिलो शाहवंशीय राजा कुलमण्डन खान (शाह) को दरबारका साथै तत्कालीन समयदेखि नै पूजाआजा गर्दै आएको गुप्तकालिका मन्दिर छ । दरबारसहितको मन्दिरको ऐतिहासिकतालाई जोगाउने लक्ष्यका साथ पुरातत्व विभागबाट रु दुई करोड ६५ लाखको लागतमा पुनर्निर्माण गरिएको वडाध्यक्ष सुवेदीले जानकारी दिनुभयो । दरबारको पुनर्निर्माणसँगै वरपरका गलजथुम्की र पार्कसमेत निर्माण गरिएको छ। पुरातत्व विभागबाट दरबारको तल रहेको जीर्ण अवस्थाको मौलाको मन्दिर रु ११ लाखमा पुनर्निर्माण गरिएको छ भने उक्त स्थानमा रु आठ लाखको लागतमा सिँढीबाटो निर्माण गरिएको छ।

दरबार तल गाउँको बीच भागमा रहेको कश्यप ऋषिले स्नान गर्ने गरेको कश्यप ताल पोखरा महानगरपालिकाको रु ५० लाखको सहयोगमा मर्मत गरिएको छ भने ताल नजिकै रहेको कुलमण्डन पार्कलाई व्यवस्थित बनाउन गण्डकी प्रदेश सरकारबाट दुई चरणमा गरी रु ३४ लाखको लागतमा विभिन्न काम गरिएको उहाँले जानकारी दिनुभयो । स्थानीयवासीले ठूली पोखरी भन्ने गरेको कश्यप तालको पानीबाट यस आसपासका स्थानीयवासीले गाईवस्तुलाई खुवाउनाका साथै अन्य घरायसी प्रयोजन र यहाँको झन्डै ७०० रोपनी क्षेत्रफलमा सिँचाइ पनि उपलब्ध हुँदै आएको छ । हाइकिङका क्रममा विदेशी कूटनीतिज्ञले उक्त स्थानको ऐतिहासिकता एवम् मौलिकतालाई अत्यन्त चासोका साथ अवलोकन गरेका थिए। चार वेदमध्येको एक यजुर्वेद लेखेको विश्वास गरिने कश्यप ऋषिले स्नान गर्ने गरेको यस तालको धार्मिक एवं संस्कृतिक रूपमा पनि उत्तिकै महत्व मानिन्छ । नेपालका शाहवंशीय राजाको पालामा यस तालको थप संरक्षण भई त्यस समयमा पनि राजा तथा प्रजाले यहाँको पानीको भरपुर उपयोग गर्ने गरेका थिए । जैविक विविधताले भरिपूर्ण पर्यटकीय, धार्मिक, तथा शाहवंशीय इतिहासको साक्षी कास्कीकोटमा विदेशी विशिष्ट कूटनीतिज्ञको हाइकिङसहितको भ्रमण समग्र पोखराको प्रवर्द्धनका लागि महत्वपूर्ण भएको ट्रेकिङ एजेन्सिज एसासिएसन अफ नेपाल (टान) पश्चिमाञ्चल क्षेत्रीय सङ्घका अध्यक्ष सुशीलराज पौडेलले बताउनुभयो।

झन्डै चार घण्टाको हाइकिङले कास्कीकोटका साथै नेपालको समग्र पदयात्रा पर्यटनबारे राम्रो सन्देश विश्व पर्यटन बजारमा पुऱ्याएको उहाँले बताउनुभयो। ‘कोरोनाले थलिएको पोखराको पर्यटनको प्रवर्द्धनमा राजदूतसहितका कूटनीतिज्ञको भ्रमणले ठूलो अर्थ राखेको छ,’ उहाँले भन्नुभयो, ‘कोरोना प्रभावित पर्यटनलाई स्वास्थ्य सजगतका साथ पुरानै लयमा फर्काउनु अहिलेको आवश्यकता हो।’

# दर्ता गरेर मात्रै कुकुर पाल्न पाइने

पोखरापत्र संवाददाता
दमौली, १७ असोज

कुकुर पाल्ने र पछि जथाभावी रूपमा छाडिदिने समस्या बढेपछि तनहुँमा दर्ता गरेर मात्रै कुकुर पाल्न पाउने नियम लागू गरिने भएको छ। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँले व्यास नगरपालिकाभित्र दर्ता गरेर मात्रै कुकुर पाल्न पाउने नियम लागू गर्न लागेको हो।

कार्यालयले यस वर्ष व्यास नगरपालिकालाई रेबिजमुक्त बनाउन अभियान पनि सञ्चालन गर्न लागेको विज्ञ केन्द्र तनहुँका प्रमुख डा बालकुमार श्रेष्ठले जानकारी दिनुभयो । श्रेष्ठका अनुसार व्यास नगरपालिकाभित्र रहेका सामुदायिक तथा घरपालुवा कुकुरको विवरण पनि सङ्कलन गरिनेछ। “कुकुर पाल्ने र बीचमा जथाभावी छाडिदिने समस्या व्यापक छ, त्यसले गर्दा सडकमा दुर्घटनाको जोखिम पनि बढाएको छ,” उहाँले भन्नुभयो, “त्यसो गर्दा रेबिजको जोखिम पनि उत्तिकै बढ्छ।” कुकुर बिरालो मानिसका साथी भएकाले यिनीहरूलाई माया गर्नुपर्ने र वर्षको एकपटक सामुदायिक र घरपालुवा कुकुर, बिरालोहरूलाई रेबिजविरुद्धको खोप लगाउनुपर्ने विज्ञ केन्द्रले अनुरोध गरेको छ। रेबिज रोगको लक्षण देखापरिसकेपछि कुनै उपचार नभएको र मृत्यु निश्चित भएकाले हेलचेक्र्याइँ गर्न नहुने पशु प्राविधिकको भनाइ छ।

तनहुँमा रेबिजविरुद्ध खोप अभियान सञ्चालन गरिएको छ। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँले रेबिजविरुद्ध खोप अभियान सञ्चालन गरेको हो । अभियानका क्रममा कार्यालयले तीन सय ९५ जनावरलाई रेबिज खोप लगाएको विज्ञ केन्द्रका प्रमुख श्रेष्ठले जानकारी दिनुभयो।

उहाँका अनुसार कुकुर, बिरालो, बाँदरलाई खोप लगाइएको छ। अभियानका क्रममा व्यास नगरपालिका, शुक्लागण्डकी नगरपालिका, बन्दीपुर गाउँपालिका, आँबुखैरेनी गाउँपालिकामा सामुदायिक, घरपालुवा कुकुर, बिरालो र बाँदरलाई रेबिजविरुद्धको खोप लगाइएको श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार व्यास नगरपालिकामा मात्रै एक सय ४८ कुकुर बिरालोलाई खोप लगाइएको छ । ८८ सामुदायिक, ५० घरपालुवा कुकुर, आठ बिरालो र दुई बाँदरलाई रेबिजविरुद्धको खोप लगाइएको छ । त्यस्तै शुक्लागण्डकीमा ७०, बन्दीपुरमा एक सय तीन, आँबुखैरेनीमा ६५ कुकुर बिरालोलाई खोप लगाइएको श्रेष्ठले बताउनुभयो।

नेपालमा सन् २०३० सम्म रेबिज उन्मूलन गर्ने लक्ष्य लिइएको छ। नेपालमा ९९ प्रतिशत कुकुरको टोकाइबाट रेबिज हुने गरेको छ। बर्सेनि दुई सय जनाको रेबिज लागेर निधन हुने गरेको तथ्याङ्क छ।

# काठमाडौँ उपत्यकालगायत देशका अधिकांश स्थानमा इन्टरनेट अवरुद्ध

रासस
काठमाडौं, १७ असोज

शनिबारदेखि काठमाडौँ उपत्यकालगायतदेशकाअधिकांश स्थानमा इन्टरनेट सेवा प्रभावित भएको छ । नेपाल विद्युत् प्राधिकरणले तार काट्दा आधिकांश स्थानमा इन्टरनेट सेवा अवरुद्ध भएको हो।

कम्प्युटर एसोसिएसन नेपाल महासङ्घ (क्यान) ले अति आवश्यक सेवामा सरकारी अवरोध भएको भन्दै विरोध जनाएको छ । क्यानले आज एक विज्ञप्ती जारी गर्दै विद्युत् प्राधिकरणले नियोजित रूपमा काठमाडौँ, भरतपुर, बुटबल, विराटनगर, धरान, धनकुटा, ताप्लेजुङ, खाडीचौर, धनगढीलगायतका स्थानमा इन्टरनेट सेवा अवरुद्ध भएको जनाएको हो।

पोलको भाडादरका आधारमा पूर्वाधारको लागत अझ बढ्न गई इन्टरनेट सेवा प्रवाहमा प्रतिग्राहक एकसय पचासदेखि तीन सयसम्म शुल्क बढ्ने र सोही अनुमतिका निम्ति निजी क्षेत्रका इन्टरनेट सेवा प्रदायकले नेपाल दूरसंचार प्राधिकरणमा अनुरोध गरेको अवस्थामा अवरोध गर्नु दुर्भाग्यपूर्ण भएको क्यानका महासचिव नारायण थापाले जारी गरेको विज्ञप्तीमा भनिएको छ। सरकारले आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ को उपदफा (१०) को अधिकार प्रयोग २०७८ साल जेठ १७ गतेदेखि इन्टरनेट सेवालाई समेत अत्यावश्यक सेवामा पारेको तथा अत्यावश्यक सेवामा रहेको क्षेत्रमा हडताल निषेध गरेकामा वर्तमान अवस्थामा इन्टरनेट सेवा हडतालका कारण नभई अन्य संस्थाका गतिविधिका कारण व्यवधान हुन पुगेको ठहरसमेत क्यानले गरेको छ।

लामो समयदेखि इन्टरनेट सेवा प्रदायक कम्पनीले पोल तथा फाइबरको बक्यौता रकम भुक्तानी नगरेको भन्दै विद्युत् प्राधिकरणले इन्टरनेटका तार काटेको हो । प्राधिकरणले यसअघि नै विभिन्न समयमा तीनपटक सार्वजनिक सूचना नै प्रकाशन गरी यही असोज १५ गतेसम्म बक्यौता रकम भुक्तानी नभए तार काट्ने चेतावनी दिएको थियो। सोही अनुसार १६ गतेदेखि प्राधिकरणले तार काटेको हो।

# दसैँलगत्तै १८ वर्षमुनिका बालबालिकालाई कोरोना खोप : राज्यमन्त्री श्रेष्ठ

रासस
काठमाडौं, १७ असोज

स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री उमेश श्रेष्ठले दसैँलगत्तै १८ वर्षमुनिका बालबालिकालाई कोरोना खोप उपलब्ध गराउने बताउनुभएको छ।

राज्यमन्त्री श्रेष्ठले आज बुद्धिष्ट चु जी च्यारिटी फाउण्डेशनले कान्ति बाल अस्पतालमा दिएको स्वास्थ्य सामग्री हस्तान्तरण कार्यक्रममा बोल्दै १८ वर्षमुनिका बालबालिकाका लागि एक करोड मात्रा कोरोना विरुद्धको खोप आउने सुनिश्चित भइसकेको बताउनुभएको हो । “४० लाख मोर्डना र ६० लाख फाइजर खोप खरिदका लागि व्यवस्था भइसकेको छ”, उहाँले भन्नुभयो। दसैँलगत्तै एक लाख फाइजर खोप आउने उहाँको भनाइ थियो। स्वास्थ्य राज्यमन्त्री श्रेष्ठले फागुनसम्म खोप आउने र बालबालिकालाई उपलब्ध गराउने बताउनुभयो। सरकारले खोपलाई उच्च प्राथमिकता दिएको राज्यमन्त्री श्रेष्ठको भनाइ थियो। राज्यमन्त्री श्रेष्ठले सरकारले कोरोना विरुद्धको खोपलाई पहिलो प्राथमिकता दिएको उल्लेख गर्दै तीनै तहको अस्पतालको व्यवस्थापकीय पक्षलाई सुधार्ने नीति बनाउने तयारी सरकारले गरेको बताउनुभयो। बुद्धिष्ट चु जी च्यारिटी फाउण्डेशनले कान्ति बाल अस्पताललाई २५ वटा भेन्टिलेटरलगायत स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ। कोरोना सङ्क्रमणको पहिलो लहरदेखि नै सरकारलाई विभिन्न स्वास्थ्य सामग्री सहयोग गर्दै फाउण्डेशनले सङ्क्रमणको तेस्रो लहर आउनसक्ने सम्भावनालाई ध्यान दिँदै पूर्वतयारी स्वरूप स्वास्थ्य सामग्री हस्तान्तरण गरेको फाउण्डेशनको नेपाल प्रतिनिधि महेश नकर्मीले बताउनुभयो। फाउन्डेशनले रु ४१ करोड ४८ लाख ४९ हजार ३०० बराबरको स्वास्थ्य सामग्री अस्पताललाई हस्तान्तरण गरेको नकर्मीको भनाइ छ।